# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) विराटनगर, नेपाल, फाल्गुण ०६ गते, २०७७ साल (अतिरिक्ताङ्क ३३

## भाग २

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

## जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

प्रदेश नं. १ प्रदेश सरकारका नीति, कार्यक्रम, कार्ययोजना तथा प्राप्त उपलब्धी, सम्भावित चुनौती, सम्भावना एवम् जनताका चासो, गुनासो एवम् सरोकारका विषयमा आम सञ्चारका माध्यमबाट जनतालाई नियमित सुसूचित गर्ने

उद्देश्यले जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०७७ को दफा ९ को अधिकार प्रयोग गरी प्रदेश नं. १ को मन्त्रिपरिषद्ले जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत गरी लागु गरेको छ ।

१. <u>सङ्क्षिप्त, नाम र प्रारम्भ</u>ः (१) यो कार्यविधिको नाम **"जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"अनुदान"** भन्नाले जनतासँग मुख्य मन्त्री कार्यक्रमका सामाग्री उत्पादन गर्ने र उत्पादित त्यस्तो सामाग्री प्रसारण गर्ने संस्थालाई यस कार्यविधि बमोजिम उपलब्ध गराउने रकम सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन गर्ने जनतासँग मुख्यमन्त्री कार्यक्रम सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ ।

(घ) **"प्रदेश सरकार"** भन्नाले प्रदेश नं.१ को मन्त्रिपरिषद् सम्झनु पर्छ ।

(ङ) **"मुख्यमन्त्री"** भन्नाले प्रदेश नं. १ को मुख्यमन्त्री सम्झनु पर्छ।

(च) **"सञ्चार माध्यम"** भन्नाले प्रदेश नं. १ भित्र स्थापित भै सञ्चालनमा रहेको एफ.एम. रेडियो, टेलिभिजन, पत्रपत्रिका र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनलाईनलाई सम्झनु पर्छ सो शब्दले अन्य आम सञ्चारका साधन समेतलाई जनाउँछ ।

(छ) **"संस्था"** भन्नाले प्रदेश नं. १ मा स्थापित र सञ्चालित एफ.एम रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाईन लगायतका आम सञ्चारसँग सम्बन्धित संस्था सम्झनु पर्छ।

(ज) **"समिति"** भन्नाले यस कार्यविधिको दफा ७ बमोजिमको समिति सम्झनु पर्छ ।

३. <u>अनुदान दिन सक्ने</u>: (१) जनतासँग मुख्य मन्त्री कार्यक्रमसँग सम्बन्धित आम सञ्चारका माध्यममध्ये एफ.एम. रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाईनलाई यस कार्यविधिले निर्धारण गरेको मापदण्ड बमोजिम वार्षिक अनुदान दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदान उपलब्ध गराउँदा यस कार्यविधि बमोजिम मापदण्ड पुगेका सबै संस्थालाई उपलब्ध गराइनेछ।

(३) उपदफा (२) बमोजिमका संस्थाहरु मध्ये त्यस्ता संस्थाहरुको सञ्चालन तथा प्रसारण क्षमताका आधारमा फरक फरक परिमाणमा उपलब्ध गराउन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम फरक फरक क्षमताका संस्थालाई क्षमताका आधारमा अनुदान उपलब्ध गराउँदा समान मापदण्ड, समान क्षमताका संस्थालाई समान ढङ्गले अनुदान उपलब्ध गराउन सकिनेछ।

४. <u>कार्यक्रम उत्पादन सम्बन्धी व्यवस्था</u>: दफा ३ को उपदफा (१) बमोजिमको अनुदान उपलब्ध गराउँदा एफ.एम. रेडियो र टेलिभिजनमा प्रसारण गरिने कार्यक्रमका लागि प्रदेश भित्र स्थापना भई सञ्चालनमा रहेको संस्था मध्ये एफ.एम रेडियो र टेलिभिजनको क्षमता र आवश्यक मापदण्ड पुगेका एफ.एम. रेडियो र टेलिभिजनलाई दफा ७ अनुसार समितिको सिफारिसमा अनुदान उपलब्ध गराईनेछ ।

५. **<u>कार्यक्रम सञ्चालन र प्रसारण गर्ने संस्थाको योग्यता</u>**: कार्यक्रम सञ्चालन र प्रसारण गर्ने संस्थाको देहाय बमोजिमको न्यूनतम मापदण्ड पुगेका हुनु पर्नेछः

(क) कानून बमोजिम दर्ता भएको,

(ख) प्रत्येक आर्थिक वर्षमा नियमित नविकरण भएको,

(ग) कानून बमोजिम प्रत्येक आर्थिक वर्षमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहमा बुझाउनु पर्ने कर चुक्ता गरेको,

(घ) कम्तीमा लगातार बाह्र घण्टा वा सो भन्दा बढी कार्यक्रम प्रसारण गरिरहेको,

(ङ) समितिले तोकेको अन्य मापदण्ड पूरा भएको ।

६. **<u>कार्यक्रम उत्पादन गर्ने संस्थाको मापदण्ड</u>**: (१) कार्यक्रम उत्पादन गर्ने संस्थाको देहाय बमोजिमको न्यूनतम मापदण्ड पुगेका हुनु पर्नेछः

(क) कानून बमोजिम दर्ता भएको,

(ख) प्रत्येक आर्थिक वर्षमा नविकरण भएको,

(ग) सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहलाई कानून बमोजिम बुझाउनु पर्ने कर, राजस्व प्रत्येक आर्थिक वर्षमा नियमित रुपमा बुझाएको,

(घ) कम्तीमा सोह्र घण्टा कार्यक्रम लगातार प्रसारण गरिरहेको,

(ङ) समितिले तोकेको अन्य मापदण्ड पूरा गरेको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) उपदफा (१) बमोजिमको मापदण्ड पूरा भएको संस्थाहरुमध्ये सबैभन्दा बढी क्षमता र लामो अनुभव भएका संस्थालाई विशेष प्राथमिक्ता दिइनेछ । साथै मापदण्ड पुगेका एक भन्दा बढी संस्थालाई संयुक्त रुपमा दिन सकिनेछ ।

७. **समिति सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिमको मापदण्ड पूरा भए-नभएको विषयमा मूल्याङ्कन गरी अनुदान रकम निर्धारण गरी अनुदान उपलब्ध गराउने, सिफारिस गर्ने देहाय बमोजिमको एक समिति रहनेछ।

(क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको मुख्यमन्त्री तथा मन्त्रिपरषद्को कार्यालयको सचिव - संयोजक

(ख) आन्तरिक मामिला तथा कानून मन्त्रालयको कानून माहाशाखा प्रमुख -सदस्य

(ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको कम्तिमा सातौं तहको अधिकृत कर्मचारी -सदस्य सचिव

(घ) समितिले आमन्त्रण गरेको कुनै दुई जना - आमन्त्रित सदस्य

८. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम सञ्चालन, प्रसारण र उत्पादनका लागि प्रस्ताव आह्वान गर्ने,

(ख) खण्ड (क) बमोजिमको प्रस्ताव यस कार्यविधि अनुसार भए नभएको सम्बन्धी मूल्याङ्कन गर्ने प्रकृया निर्धारण गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

(ग) समितिले निर्धारण गरेको प्रकृया बमोजिम मापदण्ड पुगेका नपुगेका मूल्याङ्कन गर्ने,

(घ) मापदण्ड पुगेका सबै संस्थाको मूल्याङ्कन गरी छनौट भएका संस्थाको सूचि तयार गरी स्वीकृतीको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव समक्ष पेश गर्ने,

(ङ) संस्थाहरुका सम्बन्धमा थप मापदण्ड निर्धारण गर्ने,

(च) यस कार्यविधि बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको अन्य कार्य गर्ने।

९. <u>समितिको बैठक सम्बन्धी व्यवस्था</u>ः दफा ७ बमोजिमको समितिको बैठक सम्बन्धी प्रकृया समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. <u>अनुदान रकमको निर्धारण</u>ः स्वीकृत भएका कुनै संस्थालाई वार्षिक रुपमा कती रकम अनुदान उपलब्ध गराउने भन्ने निर्णय गर्ने अधिकार समितिको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ ।

११. <u>सम्झौता गर्नु पर्ने</u>ः (१) यस कार्यविधि बमोजिम मूल्याङ्कन गरी छनौट भइ स्वीकृती प्राप्त गरेको संस्थालाई समितिले तोकेबमोजिमको अनुदान रकम सर्तहरु पालना गर्ने गरी सम्बन्धित संस्थाको बैङ्क खातामा दुई किस्तामा निकासा गर्नेछ ।

(२) कार्यक्रम उत्पादन तथा निर्माण गर्ने रेडियो तथा टेलिभिजनसँग सम्झौता गरी सर्त बमोजिमको अनुदान रकम समितिको निर्णय बमोजिम निकासा गरिने छ ।

(३) उपदफा (१) बमोजिमको सर्तको पालना गर्नु सम्बन्धित संस्थाको दायित्व हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१२. **अनुगमन गरिने**: (१) यस कार्यविधि एवम् सम्झौता बमोजिम संस्थाहरुले कार्यक्रम सञ्चालन वा प्रसारण गरे नगरेको सम्बन्धमा समितिले नियमित अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्न कार्यालयले यस कार्यविधि बमोजिम खर्च गरिने रकममा पाँच प्रतिशतमा नबढ्ने गरी सेवा सुविधा दिई आवश्यक सङ्ख्यामा विषय विज्ञलाई कार्यक्रमको अनुगमन कर्ताको रुपमा खटाउन सक्नेछ ।

१३. **प्रतिवेदन पेश गर्ने**: दफा ११ वमोजिम छनौट भई स्वीकृती प्राप्त संस्थाले कार्यक्रम प्रशारण पश्चात् उक्त प्रशारित कार्यक्रमको सफ्ट कपि सहित प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१४. **सम्झौता रद्द हुन सक्ने**: दफा ११ बमोजिम अनुगमन गर्दा जुन संस्थाले मापदण्ड र सर्त बमोजिम कार्यक्रम सञ्चालन वा प्रसारण नगरेमा वा कार्यक्रम उत्पादन नगरेमा कार्यालयले त्यस्तो सम्झौता खारेज गर्न सक्नेछ।

तर त्यसरी सम्झौता खारेज गर्नु अघि सम्बन्धित संस्थालाई सफाईको मौका दिइनेछ।

१५. **किस्ताबन्दिमा अनुदान रकम उपलब्ध गराइने**: कार्यालयसँग सम्झौता भएका संस्था वा अनुदान प्रदान गरिने संस्थालाई कार्यालयले तोकेको किस्तामा रकम उपलब्ध गराइनेछ।

१६. **निर्देशन दिन सक्ने**: यस कार्यविधि बमोजिम कार्यालयले सम्झौता भएका संस्थाहरुलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१७. **खारेजी र बचाउ**: (१) यो कार्यविधि प्रारम्भ भए पछि जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ स्वतः खारेज हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(२) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि कार्यान्वयन रहेको जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बमोजिम भए गरेका काम यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

स्वीकृत मितिः- २०७७/११/०६

आज्ञाले,
कमल प्रसाद भट्टराई
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**